

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २८ गते बिहीबार ❑ 11 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पूर्वगृहमन्त्री खाँणलाई तीन दिन हिरासतमा राख्न अनुमति

**पोखरापत्र संवाददाता**
गण्डकी, २७ बैशाख

नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँण र उहाँका स्वकीय सचिव नरेन्द्र केसीलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौँ जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ।

नक्कली शरणार्थी बनाई अमेरिका पठाउने लोभ देखाएर करोडौँको रकम ठगी गरेको घटनामा जोडिएपछि आजै उहाँलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उहाँसँगै उहाँका स्वकीय सचिव नरेन्द्र केसीलाई पनि प्रहरीले पक्राउ गरेको थियो । हिजो पक्राउ परेकाहरूको हकमा भने चार दिन म्याद थप भएको जिल्ला प्रहरी परिसर काठमाडौँका



प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँले आज पक्राउ परेका खाँण र केसीको हकमा तीन दिन र अन्यको हकमा चार दिन म्याद थपको सिफारिससहित अदालतमा पेश गरिएको थियो । अदालतबाट माग भएबमोजिम नै म्याद थप भएको छ । उक्त घटनामा अहिलेसम्म प्रहरीले १२ जनालाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ । यसअघि हिजो मङ्गलबार काठमाडौँको टोखा बस्ने रामशरण केसी र मोरङ घर भएका गोविन्द चौधरीलाई प्रहरीले पक्राउ गरेको थियो ।

त्यसअघि प्रहरीले तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईसहित बहालवाला सचिव (तत्कालीन गृहसचिव) टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी, टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई पक्राउ गरिसकेको छ ।

सचिव पाण्डेलाई हाल निलम्बन गरिएको छ । उक्त घटनामा मुछिएका नेकपा (एमाले) का सचिव एवं पूर्वमन्त्री टोपबहादुर रायमाझीलाई भने प्रहरीले खोजी गरिरहेको छ । उहाँलाई एमालेले आजै सचिवबाट निलम्बन पनि गरिसकेको छ । उक्त घटनामा हालसम्म एक सय छ जनाले २० वटा जाहेरी दिएका छन् । उनीहरूले कुल रु २३ करोड २५ लाख ठगी भएको भनी जाहेरी दिएका छन् ।

## जनताले औँला नउठाउने गरी काम गर्छौं : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गण्डकी, २७ बैशाख

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनताले औँला नउठाउने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले भर्खरै सम्पन्न उपनिर्वाचनको परिणामले पुरानो राज्य संरचनाबाट गरिने कामकारबाही अब काम नलाग्ने उल्लेख गर्नुभयो ।

नेपाली कांग्रेस कास्कीद्वारा आज पोखरामा गण्डकी प्रदेश सदस्यमा गठबन्धनकातर्फबाट निर्वाचित मुख्यमन्त्री, मन्त्री तथा प्रदेशसभा सदस्यको सम्मानमा आयोजित शुभकामना तथा बधाई कार्यक्रममा मुख्यमन्त्री पाण्डेले सो धारणा राख्नुभएको हो । "नेपाली जनताले हाम्रा प्रत्येक गतिविधिमा निगरानी गरिरहेका छन्, अब पनि गल्ती गर्‍यौँ भने जनताले हामीलाई छाड्ने छैनन्, तीन तहको सरकारले अब नयाँ किसिमबाट आफ्ना कामकारबाहीलाई अगाडि बढाउन जरुरी छ", उहाँले भन्नुभयो। "सीमित स्रोत र साधनलाई उपयोग पारदर्शीरुपमा जनताको हित र चाहनाअनुसार नै सरकार अगाडि बढ्न जरुरी छ", उहाँले भन्नुभयो, "आम नेपाली जनताले सरकारको अनुभूति गर्न सकुन् ।" जनताको शिर उठ्नेगरी काम गर्न जरुरी रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले अब पनि ठूला दलले नयाँ ढङ्गबाट अगाडि बढेनन् भने आगामी निर्वाचनमा जनताले तर्क गर्नुभयो । गण्डकी प्रदेश सरकारले एक दुई दिनमै पूर्णता पाउने बताउँदै उहाँले कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबाट मन्त्री बन्ने र एक दुई दिनभित्र मन्त्री नियुक्त गरिने बताउनुभयो। गण्डकी प्रदेशले कृषि, उद्योग, शिक्षा तथा स्वास्थ्य, पर्यटन तथा सिँचाइलाई प्राथमिकतामा राखेको र निर्वाचनमा गाउँमा जाँदा गरिएका प्रतिबद्धतालाई समेत पूरा गर्ने भनाइ उहाँको छ। नेकपा (माओवादी केन्द्र)का नेता तथा गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानले गण्डकी प्रदेश सरकारले परिणाम देखिने गरी काम गर्न जरुरी भएको बताउनुभयो । उहाँले अब पनि पुरानै शैलीबाट अगाडि बढ्यौं भने आगामी निर्वाचनमा ठूला दल बढारिने तर्क गर्नुभयो । प्रि-बजेटसम्बन्धी छलफल गर्न पनि समय धेरै नभएकाले मन्त्रिमण्डल छिटै गठन गर्नुपर्ने नेता चुमानको जोड थियो।

## गण्डकी प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा डा देवकोटा

**पोखरापत्र संवाददाता**
गण्डकी, २७ बैशाख

गण्डकी प्रदेश नीति तथा योजना आयोगका नवनियुक्त उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बुधबार पद तथा गोपनीयताको सपथ लिनुभएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री एवं आयोगका अध्यक्ष सुरेन्द्रराज पाण्डेले बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित समारोहमा आयोगका नवनियुक्त उपाध्यक्ष डा देवकोटालाई सपथ गराउनुभएको हो । सपथ लिएलगत्तै डा देवकोटाले आयोगको उपाध्यक्षको पदभार सम्हाल्नुभएको छ । सो अवसरमा उहाँले संविधानले दिएको सीमाभित्र रहेर प्रदेशलाई बलियो र समृद्धशाली बनाउन भूमिका खेल्ने बताउनुभयो। कृषि, पर्यटन पूर्वाधार, जलस्रोत, गुणस्तरीय



शिक्षा र स्वास्थ्यलगायतका क्षेत्रमा प्राथमिकीकरणका आधारमा काम गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो । प्रदेश सरकारको नीति तथा योजना कार्यान्वयनमा सबै पक्षसँग मिलेर काम गर्ने उहाँले बताउनुभयो ।

विसं २०३९ मा गोरखामा जन्मनुभएका उहाँले गोरखाकै अमरज्योति जनता माध्यमिक विद्यालयबाट विसं २०५५ मा एसएलसी उत्तीर्ण गर्नुभएको थियो । उहाँले विसं २०५७ मा काठमाडौँको सिद्धार्थ वनस्थलीबाट आइएस्सी र विसं २०६० मा त्रिचन्द्र कलेजबाट बिएस्सी उत्तीर्ण गर्नुभएको थियो।

विसं २०६७ मा दक्षिण कोरियाबाट स्नानकोत्तर उपाधि हासिल गर्नुभएका डा देवकोटाले कोरियामै रहेर राष्ट्रिय विपद् जोखिम प्राधिकरणमा वरिष्ठ अनुसन्धानकर्ताका रूपमा दुई वर्ष कामगर्नुभएकोथियो।थाइल्याण्डको बैंककमा एसियन डिजास्टर प्रिपेयर्डनेस सेन्टरमा प्राविधिक विपद् विज्ञका रूपमा तीन वर्ष काम गर्नुभएको थियो ।

त्यहाँ रहँदा उहाँले विश्व बैंकको लगानीमा लाओस, कम्बोडिया, भियतनाम, भारतलगायत दक्षिणपूर्वी एसियाली देशमा विपद्मैत्री पूर्वाधार विकासमा काम गर्नुभएको थियो । विसं २०७२ को भूकम्पपछि नेपाल फर्कनुभएका डा देवकोटाले स्वीस एजेन्सीमा रहेर नेपाललगायत अफगानिस्तान, भुटान र काजकिस्तानको विकास योजना तथा विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा तीन वर्ष काम गर्नुभएको थियो।

पछिल्लो समय उहाँ विपद् र विकाससँगै अनुसन्धानको क्षेत्रका क्रियाशील रहँदै आउनुभएको थियो । डा देवकोटालाई प्रदेश सरकारले गत आइतबार प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्त गरेको थियो ।

## खेल पूर्वाधार निर्माण धमाधम

**पोखरापत्र संवाददाता**
गण्डकी, २७ बैशाख

गण्डकीमा यस वर्ष ठूलासाना गरी एक सय ६५ खेल पूर्वाधारका योजना छन् । तिनमा रु पाँच लाखदेखि रु १५ लाखसम्मको बजेट छ । कतै खेल पूर्वाधारको निर्माण त कहीँ स्तरोन्नति कार्य भइरहेको छ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका अनुसार ४० पूर्वाधार योजना सम्पन्न भइसकेका छन् । 'एक स्थानीय तह, एक खेल मैदान' अन्तर्गत १५ वटा खेल मैदानका लागि सम्झौता भएर काम सुरु भएको छ।

मन्त्रालयको युवा तथा खेलकुद महाशाखा प्रमुख घनश्याम पौडेलले ५० प्रतिशत योजनाको काम पूरा भएको बताउनुभयो । "अरु योजना पनि सम्झौता भएर कार्यान्वयनमा गएका छन्, केही सम्झौताका क्रममा छन्", उहाँले भन्नुभयो । प्रदेश सरकारका एक सय ५० र सङ्घ सरकारबाट आएको सःशर्त बजेटका १५ गरी कूल एक सय ६५ खेल पूर्वाधार बन्न लागेका हुन् । "जेठ मसान्तभित्र सबै पूर्वाधार निर्माणको काम सक्न उपभोक्ता समितिलाई ताकेता गरेका छौँ", महाशाखा प्रमुख पौडेलले भन्नुभयो, "बजेट सानो भए पनि खेलकुदका योजना गाउँगाउँ पुगेका छन् ।" पूर्वाधारतर्फ खेल मैदान, कभर्डहल, व्यायामशाला आदि निर्माण र स्तरोन्नतिका योजना छन् । मन्त्रालयले 'खेल मैदानको निर्माण एवं स्तरोन्नतिसम्बन्धी मापदण्ड, २०७८' बमोजिम योजना सम्झौता एवं कार्यान्वयन गर्ने गरेको छ । मन्त्रालयले बेलैमा काम सक्न पटकपटक योजना सम्झौताका लागि सूचित गरेको थियो । आर्थिक वर्ष घर्किनै लाग्दा योजना सम्झौता र काम गर्ने प्रवृत्ति भने अझै हट्न सकेको छैन । योजनाको काममा ढिलाइ हुँदा फरफारक र भुक्तानीमा समस्या निम्तिने गरेको छ।

हिमालपारिको जिल्ला मुस्ताङमा अन्तर्राष्ट्रियस्तरको उच्च उचाइ खेलमैदान निर्माणका लागि जग्गाको नापजाँचसहित विस्तृत डिजाइनको काम पूरा भएको मन्त्रालयले जनाएको छ। जग्गाको टुङ्गो लागेपछि उक्त आयोजनालाई 'डिपिआर'का लागि बजेटमा राखिने महाशाखा प्रमुख पौडेलले बताउनुभयो।

आव २०७५/०७६ मै प्रदेश सरकारले मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-२ छेङ्गुरमा 'हाइअल्टिच्युड' पर्वतीय खेलकुद तालिम केन्द्र बनाउने घोषणा गरे पनि जग्गा व्यवस्थापन नहुँदा काम भएको छैन । बागलुङको ढोरपाटनमा बनाउने भनिएको 'हाइअल्टिच्युड' खेलमैदान पनि घोषणामै सीमित बनेको छ।


## आगलागी हुन नदिन चनाखो बनौं ।
## आगलागीबाट बच्न,

- ◆ खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
- ◆ सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं ।
- ◆ ग्यासको गन्ध आए बेवास्ता नगरौं ।
- ◆ सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- ◆ दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- ◆ चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- ◆ विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं ।
- ◆ घरवस्ती नजिकै पोखरी, ट्याक्ती वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## शीर्ष नेताको छलफललाई आशक्ता गरिरहनु पर्दैन : प्रधानमन्त्री दाहाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ बैशाख**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शीर्ष नेताहरूको छलफल र भेटघाटलाई नक्कली भुटानी शरणार्थी प्रकरणसँग जोडेर हेर्न आवश्यक नरहेको बताउनुभएको छ।

सिंहदरबारमा बुधबार शीर्ष नेताको बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले शीर्ष नेताको छलफललाई लिएर आशङ्का गरिरहनु आवश्यक नभएको बताउनुभयो। "मिडियामा जसरी तपाईंहरूले प्रचार गर्नुभएको छ, तीन जना नेताको भेट त्यस्तो होइन, हामीहरूको भेट बढी सदनलाई कसरी सञ्चालन गर्ने, समिति बनाउने विषयमा छलफल भएको हो", उहाँले भन्नुभयो । नक्कली भुटानी शरणार्थी ठगीका विषयमा प्रहरीले जसरी अनुसन्धान अगाडि बढाएको छ, त्यसलाई कुनै अवरोध गर्न हुँदैन भन्नेमा शीर्ष नेताको सहमति रहेको उहाँले जानकारी दिनुभयो । "आशङ्का गरिरहनु जरुरी छैन, हामीले प्रष्ट भाषामा भनेका छौँ, दोषी कोही नछुटोस्, निर्दोष कोही नपरोस्, प्रहरीले आफ्नो काम ठिक ढङ्गले गरोस् भनेर हामीले आदेश दिएका छौँ। प्रहरीले आफ्नो काम गरेको छ। यसकारण यो विषयमा द्विविधा हुनुपर्ने, आशङ्का गर्नुपर्ने कारण छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो । सोसम्बन्धमा विधि विधान, नियम र पद्धतिअनुसार अनुसन्धान भएको जनाउँदै उहाँले प्रहरीले आफ्नो काम गरेको बताउनुभयो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# खेलकुद पत्रकार मञ्च गण्डकीद्धारा आभार व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेको छ ।

मञ्चको बुधबार पोखरामा बसेको कार्यसमितिको सत्ताइसौ बैठकले गण्डकी प्रदेशको गौरवको रुपमा स्थापित बनेको पोखरा स्पोर्ट्स अवार्डलाई भव्य रुपमा सम्पन गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सरकारी निकाय, व्यक्ति, संघ, संस्था, खेलाडी, प्रशिक्षक, खेलप्रेमी, सञ्चार माध्यम, सञ्चारकर्मी सहित मञ्चका सम्पूर्ण सदस्यप्रति हार्दीक आभार प्रकट गर्ने निर्णय गरेको महासचिव राजाराम पौडेलले बताए। अवार्ड कार्यक्रम प्राप्त सबैको साथ सर्पोटले मञ्चलाई थप उत्साहित बनाएको मञ्चले जनाएको छ। केही दिनमा अवार्ड कार्यक्रमको समिक्षा गर्ने र तीन महिना भित्रमा आयव्यय सार्वजनिक गर्ने तयारी गरिएको महासचिव पौडेलले खुलाए ।

सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०७९ गत बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना भएको थियो । अवार्ड अन्तरगतको वर्ष उत्कृष्ट खेलाडी पुरुष तर्फको पुरस्कार क्रिकेटका करण केसी र वर्ष उत्कृष्ट खेलाडी महिलातर्फको पुरस्कार फुटबलकी सावित्रा भण्डारीले हात पारेका थिए । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पारें । अवार्ड अर्न्तगत उदीयमान खेलाडीतर्फ क्रिकेटका सुवास भण्डारी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङले बाजी मारें । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी प्राप्त गरें । सबै विधामा उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिएको थियो ।

यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानीलाई प्रदान गरिएको थियो। मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान अर्पण गरियो। वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघलाई प्रदान गरियो भने वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड सागरराज तिमिल्सिनालाई दिइयो।

वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी हात पारें । यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गरिएको थियो।

अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारको विषेश सहयोग रहेको थियो। यसैगरी पोखरा महानगरपालिका, प्रदेश खेलकुद परिषद गण्डकी, राष्ट्रिय खेलकुद परिषद, कमारु ट्रेडिङ (केल्मी), टेल्जि नेपाल, तमु धिं युके, सहारा युके, सुपर मादी हाइड्रो कम्पनी, नेपाल पर्यटन बोर्ड, मझेरी रिर्सोट एण्ड स्पा, सहारा क्लब पोखरा, ह्यूस्टन एजुकेशन, टाईगर गुप्र अफ पोखरा नेपाल, स्व.सेनानी हेमबहादुर पुनको परिवार, सिटिजन फर्निचर ट्रेड लिंक, परिचय एड् भर्टाइजिङ, मादी गाउँपालिका, बुमराङ रेष्टुरेन्ट, भूतपूर्व खेलाडी मञ्च, साइमन पार्टी प्यालेस, रुपा गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, सिर्जना विकास केन्द्रले अवार्ड कार्यक्रममा सहयोग गरेका थिए । यसैगरी तमानखोला गाउँपालिका, आभ्या क्लब, बतास अर्गनाइजेसन, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, आँगन स्विट्स न्युरोड, यति एयरलाइन्स, पोखरा महानगरपालिका वडा नं.३, निसिखोला गाउँपालिका, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ,सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली, सहारा हङकङ, नेपाल टेलिकम पोखरा, कास्की जिल्ला टेनिस संघ, पोखरा उद्योग वाणिज्य संघ, पब्लिक फोर के टेलिभिजन, सरुमा चुलो, वल्ड लिंक, होटल बाराही, अटोवेज प्रालि, क्लासिक चुलो, नेपाल औषधी व्यसायी संघ कास्की, कर्मचार्य ट्रेडिङ कोसेली तेल, युनाइटेड क्लब, नेपाल मुआथाई संघ गण्डकी, हाम्रो हस्तकला काठमाण्डौं, पोखरा महानगरपालिका वडा नं.१२ र १५, ओम बुद्ध नर्सरी, नेपाल हवाई खेलकुद संस्था, पोखरा महानगरपालिका वडा नं. ४ र ९, पश्चिमाञ्चल सामुदायिक अस्पताल, प्रदेश खेलकुद परिषद गण्डकीका सल्लाहकार सुनिल गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, हाम्रो सोफा होम एण्ड इलेक्ट्रिक्स, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, बगर भाइखल, बिजी ट्रेड लिंक, फुडमाण्डु, रुपाकोट सुनचाँदी पसल, नेपाल आयल मिल, एसके साउण्ड एण्ड म्युजिक पोखरा लगायतले समेत अवार्ड कार्यक्रममा सघाए।

अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङजाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुती, भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायत रहेको थियो । त्यसोत नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो। यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् । खेलाडीलाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ ।

# लुम्बिनी विकास बैंक अरण्यज्योति कप हुने

**प्रेम बहादुर आले**
पोखरा, २७ बैशाख

अरण्यज्योति क्रिकेट क्लबको आयोजनामा जेठ पहिलो साता लुम्बिनी विकास बैंक अरण्यज्योति कप-२०८० हुने भएको छ।

पोखरा रंगशालाको क्रिकेट मैदानमा जेठ १ देखि ८ सम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न ८ टिमले भाग लिने बुधबार पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

क्रिकेट खेलको विकाससँगै प्रतिभा प्रस्फुटनका लागि प्रतियोगिता सञ्चालन गर्न लागेको क्लब अध्यक्ष कमल थापाले जानकारी दिए । प्रतियोगितामा आयोजक सहित पोखरास्थित माछापुच्छे क्रिकेट क्लब, सांग्रिला क्रिकेट क्लब, राइजिङ क्रिकेट क्लब, बागलुङ क्रिकेट क्लब, तनहुँको पेलिकन्स क्रिकेट क्लब, काठमाडौंका क्रिकेट एक्सिलेन्स सेन्टर र किङ्स क्रिकेट क्लबले भाग लिने छन् । लिगकम नकआउट आधारमा खेलाइने प्रतियोगिता टि-२० आधारमा हुनेछ । ८ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा दैनिक २ खेल हुने छन् । विजेताले ८० हजार, उपविजेताले ४० हजार साथमा ट्रफी प्राप्त गर्ने छन् । उत्कृष्ट खेलाडीलाई ५ हजार, उत्कृष्ट बलर र उत्कृष्ट ब्याट्सम्यानलाई जनही २५ सय नगदसहित ट्रफी प्रदान गरिने छ। हरेक खेलका प्लेयर अफ म्याचले ५ सय पाउने छन्। प्रतियोगिता प्रायोजन गरेको लुम्बिनी विकास बैंकका तर्फबाट लामाचौर शाखा म्यानेजर नवीन तझ्याले सामाजिक उत्तरदायित्व अन्तर्गत अरण्यज्योतिसँग जोडिएको बताए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष दीननाथ बरालले कर्पोरेट हाउसले कम्तीमा एउटा प्रतियोगितामा जोडिए खेलकुदसँगै नयाँ नयाँ प्रतिभा जन्मिने र खेलकुद पत्रकारिताको पनि विकास हुने विचार व्यक्त गरे । प्रतियोगितामा बजगाइज् सोसाइटी, स्तुपा एजुकेस्नल कन्सल्ट्न्सी, अन्नपूर्ण केबल कार, कास्की क्रिकेट एसोसिएसन लगायतले सहयोग गरेको क्लब सचिव विधान श्रेष्ठले बताए।

# भदे दोश्रो राष्ट्रिय पोखरा महानगर र मोहन मेमोरियल व्याडमिन्टन प्रतियोगिता सुरु

**प्रेम बहादुर आले**
पोखरा, २७ बैशाख



पोखरामा भदे दोश्रो राष्ट्रिय पोखरा महानगर र मोहन मेमोरियल खुल्ला तथा अन्तर बिद्यालय राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता सुरु भएको छ। पोखरा महानगरपालिका खेलकुद विकास समिति र मोहन भुगोल व्याडमिन्टन फाउण्डेसनको संयुक्त आयोजनामा बुधबार देखि पोखरा रगंशालाको व्याडमिन्टन कोर्टमा उक्त प्रतियोगिता सुरु भएको फाउण्डेसनका अध्यक्ष एवं राष्ट्रिय खेलाडी भुगोल गुरुङले बताए।

बुधबार भएको खेलमा बागमती अल्टरनेटिभका सुविन श्रेष्ठले बालदिक्षा सदनका सुर्य महर्जनलाई २१–१६, २१–११ को सोझो सेटमा पराजित गरे। महर्जन र्‍याङकीङ खेलाडी हुन् । अर्को खेलमा ग्यालेक्सि पब्लिकका रिषभ राईले वाइट माउण्टेनका सुभम श्रेष्ठलाई २१–१०, २१–१७ को सोझो सेटमा पराजित गरे । श्रेष्ठ पनि नेपालका र्‍याङकीङ खेलाडी हुन्।

काठमाण्डौं बिद्याका तथा नेपालका र्‍याङकीङ खेलाडी अमन ढंगोलले पोखराको सैनिक आवासिय बिद्यालयका सन्देश क्षेत्रीलाई २१–४, २१–५ को लज्जास्पद सोझो सेटमा पराजित गरे। त्यसै गरी निलकण्ठ बिद्यालयका अस्विन मगरले पोखराको प्रगती बोर्डिङ स्कुलका सुभोद अधिकारीलाई पराजित गरे । पोखराको वेष्टप्वाइटका बिद्यान भण्डारीले लविन रेसिडेण्टलका प्रंशन्न क्षेत्रीलाई पराजित गरेका छन्। बुधबार मावि तथा निमावि छात्र तर्फका केही खेल भएको थियो भने विहिबार खुल्ला महिला तथा पुरुष सहित ८ विधाका खेलहरु हुने भएको कास्की जिल्ला व्याडमिन्टन संघका उपाध्यक्ष समेत रहेका फाउण्डेसनका अध्यक्ष गुरुङले बताए । प्रतियोगितामा ७ प्रदेशका करिब २ सय ५० जना खेलाडीहरु सहभागि भएको प्रतियोगिता संयोजक सुवर्ण गुरुङले बताए। यही वैशाख ३० गतेसम्म चल्ने उक्त प्रतियोगितामा गण्डकी प्रदेशका सांसद एवं पूर्व मन्त्री राजीव गुरुङ(दीपक मनाङ्गे) ले अन्तराष्ट्रिय रेफ्रि सुमित शाक्यलाई कक हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरे। कार्यक्रममा वोल्दै प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले यस्ता प्रतियोगिताले खेलाडी उत्पादन हुने विश्वास व्यक्त गरे।

पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले खेलकुदको विकासको लागि फाउण्डेसनसंगको सहकार्यमा उक्त प्रतियोगिता आयोजना गरिएको बताए । फाउण्डेसनका अध्यक्ष भुगोल गुरुङको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा अन्तराष्ट्रिय कम्पनी भदे नेपालले मुख्य प्रायोजन गरेको फाउण्डेसनका सचिव बरदान ताङ्बे लामाले बताए । चर्चीत भदे कम्पनीले ट्रेकिङका सामानहरु बिक्रि गर्दै आएको छ।

# राज्यको नीतिमा नै समेटिएन संस्कृत उच्च शिक्षा

**पोखरापत्र संवाददाता**
गण्डकी, २७ बैशाख

अनुसन्धान व्यवस्थापन एकाइ, विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखराको आयोजना एवम् विश्वविद्यालय अनुसन्धान आयोग, सानोठिमी भक्तपुरको सहयोगमा पोखरामा सञ्चालित गोष्ठीमा राज्यको शिक्षा नीतिमा नै संस्कृत उच्च शिक्षा नसमेटिएकामा जोड दिइएको छ।

दुईदिने गोष्ठीको दोस्रो दिन मङ्गलबार आयोजित 'संस्कृत उच्च शिक्षामा आकर्षण वृद्धिका आधारहरू' विषयक छलफलमा शिक्षा नीतिमा नै समावेश नगरी यसलाई मूलधारबाट टाढा राखिएको बताइएको थियो। कार्यपत्र प्रस्तुत गर्दै सहप्राध्यापक डा नारायण चालिसेले देशको शिक्षा नीतिमा संस्कृत उच्च शिक्षा नसमेटिएको जनाउँदै यसलाई समेट्नु जरुरी रहेको बताउनुभयो।

देशव्यापी रूपमा यसको महत्व र विशेषतालाई प्रचारप्रसार गर्नुपर्नेमा जोड दिँदै उहाँले यससँग रोजगारीको सम्बन्ध विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । विद्यालयीय शिक्षामा संस्कृतलाई समेट्दै लैजानु आवश्यक भएकामा जोड दिँदै उहाँले जनतामा आकर्षण भए पनि यो राज्यको प्राथमिकतामा पर्न नसकेको बताउनुभयो । कार्यपत्र माथि टिप्पणी गर्दै प्राडा शालिग्राम सुवेदीले संस्कृत शिक्षा सामूहिक चेतनासँग जोडिन नसकेको बताउनुभयो। विद्यापीठका प्राचार्य डा जगन्नाथ रेग्मीले संस्कृत शिक्षाको संरक्षण र विकासका लागि संस्कृत वाङ्मयमा अध्येता, आनुसन्धाता सबैले सामूहिक प्रयास जारी राख्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा विद्यापीठका पूर्व विद्यार्थी आचार्य लक्ष्मण भण्डारीले जीवन व्यवस्थापन कला विषयक प्रशिक्षण दिनुभएको थियो । अनुसन्धान व्यवस्थापन एकाइका संयोजक सहप्राध्यापक डा चूडामणि कँडेलको सभापतित्वमा सम्पन्न कार्यशालाको सहजीकरण सदस्य सचिव उपप्राध्यापक प्रकाश पौडेलले गर्नुभएको थियो। कार्यक्रमा सहप्राध्यापक सत्यराज सुवेदी, प्राडा यामबहादुर पौडेल क्षेत्री, उपप्राध्यापक सुरज पौडेल, डा भोलानारायण रेग्मी, सहप्राध्यापक पूर्णचन्द्र वाग्ले, उपप्राध्यापक गणेश सुवेदी लगायतले संस्कृत शिक्षाको महत्वबारे प्रकाश पार्नुभएको थियो । यसअघिको गोष्ठीको दिन सोमबार 'संस्कृत उच्च शिक्षामा समसामयिक चुनौती' विषयक कार्यपत्र सहप्राध्यापक डा गुरुप्रसाद सुवेदीले प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा सहप्राध्यापक डा शान्तिकृष्ण अधिकारीले टिप्पणी गर्नुभएको थियो्।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति डा जगमान गुरुङले उद्घाटन गर्नुभएको गोष्ठीमा विभिन्न उच्च शैक्षिक संस्थाका प्रतिनिधि, संस्कृत वाङ्मयप्रेमी सहित एक सय २५ भन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ।


**आवश्यकता**

पोखरा–१४, चाउथेमा अवस्थित विद्यालयको लागि Science Teacher आवश्यकता परेको हुदाँ योग्य व्यक्तिले तुःसम्पर्क राख्नुहोला ।

सम्पर्कः
०६१-५०१०५७
९८४६०३६५०७

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# कांग्रेस र एमालेमा दबाब

भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका उडाउने खेलमा पुर्वमन्त्री देखि उच्च सरकारी अधिकारी संलग्न भएको तथ्य उजागर हुँदै गरेको छ। राज्य संयन्त्रमै कसरी सेटिङ हुन्छ भन्ने तथ्यले स्पष्ट पारेको छ। नेपालीलाई भुटानी शरणार्थी बनाउने प्रपञ्चमा सामेलको आरोपमा समातिएकाहरू राजनीतिक नेतृत्वबाट संरक्षित छन्। राजनीतिक बजारमा एक पछि अर्का पुर्व मन्त्री  अनुसन्धानमा तानिएका छन। पूर्व ऊर्जामन्त्री टोपबहादुर रायमाझी मात्रै नभई पूर्वगृहमन्त्री बालकृष्ण खाँणको संलग्नतालाई पक्राउ परेकाहरूको बयानले उदांगो पारिदिएको छ।

तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकारदेखि तत्कालीन गृहसचिव टेकनारायण पाण्डेकै संलग्नताको लहरो तान्दा राजनीतिक नेतृत्वसम्मकै पहरो थर्किएको छ। तीन दशकभन्दा बेसी नेपालमा शरण लिइरहेका नेपालीभाषी भुटानी नागरिकलाई अमेरिका लगायत तेस्रो देशमा पुनर्वासको चाँजो मिलाइएको थियो। त्यस सन्दर्भमा छुटेकाहरूलाई पनि पुनर्वास गराउन सरकारी समिति बनाइएको थियो। त्यही समितिको प्रतिवेदन, जुन सार्वजनिक भएकै थिएन। त्यसैको उपसूचीमा नेपाली नागरिकहरूको नाम थपी भुटानी बनाएर अमेरिका लैजाने भनेर १० देखि ५० लाख रूपैयाँ असुली भएको थियो।

प्रतिवेदन नै सच्च्याएर नाम थप्नेसम्मको हर्कतमा गृह मन्त्रालयका तत्कालीन सचिव, मन्त्रीका सल्लाहकारसमेतको संलग्नता देखिनुले अपराधको सेटिङले मुलुकलाई कसरी जकडेको छ भन्ने देखाएको छ। जब राज्य संयन्त्र नै यो हदको अपराधीकरणमा प्रयोग हुन्छ, सर्वसाधारण कसरी नठगिउन् ? यो प्रकरणमा आरोप लाग्नेबित्तिकै एमाले सचिवसमेत रहेका पूर्वमन्त्री रायमाझी फरार भएका छन्। पूर्वमन्त्री खाँणले आरोप अस्वीकार गरेका छन्। उनीहरूको बचाउमा कसरत भएको शंकाले मुलुकमा कानुनी राज कमजोर भएको मनोविज्ञान झन्झन् बढ्दै झ्याँगिन्छ। कदाचित पनि जोकसैमाथि छानबिनमा यो प्रकरणमा छुट हुनु हुँदैन। प्रहरीले यो घटनाक्रमको निष्पक्ष छानबिन गर्नुपर्छ। राजनीतिक सौदाबाजी गर्दै सरकारले प्रहरीलाई दबाब नदेओस्। आरोपितहरू स्वच्छ र असंलग्न हुन् वा निरपराध हुन् भने उनीहरूले प्रहरीलाई सहयोग गर्नुपर्छ। जुनसुकै ओहोदामा पुगेका व्यक्ति किन नहोउन्, उनीहरूमाथि निष्पक्ष छानबिन गर्नुपर्छ।

जसले अमेरिका पुग्ने सपना देखेर किर्ते काम गराएर पैसा बुझाए, उनीहरू पनि यो बदमासीका उत्तिकै साझेदार हुन्। तिनलाई पनि कानुनी कठघरामा उभ्याउनु पर्छ।  यही प्रकरणका कारण वास्तविक भुटानी शरणार्थी जो तेस्रो मुलुक पुनर्वासको प्रतीक्षामा छन्, उनीहरू पनि अन्यायमा पर्नु हुँदैन। नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको आरोपमा काङ्ग्रेस नेता पुर्व गृहमन्त्री बालकृष्ण पक्राउ परेपछि एमालेले पनि एक विज्ञप्ति जारी गर्दै टोपबहादुर रायमाझीलाई निलम्बित गरेको जनाएको छ। एमालेले कानुनको शासनलाई मान्ने भन्दै रायमाझीलाई निलम्बन गरिएको जनाएको छ। यदि पार्टी सम्पर्कमा रहेको भए, सहज रुपमा प्रहरीमा पुगेको भए एमालेले यो कारबाही गर्ने थिएन। तर, उनकै कारण पार्टी अप्ठेरोमा परेपछि कठोर निर्णयमा पुगेको छ। एमालेले रायमाझीलाई नेतृत्व तहमाज सांकेतिक  कार्वाही  गरेपछि प्रहरी अनुसन्धान सहज हुन सक्छ।

ईमानदार टटटछ'भएर कानुनलाई सहयोग गर्दा राम्रो हुन्थ्यो, गल्ती हो कि होइन यथार्थ बाहिर आउँथ्यो,' ती नेताले भने, 'तर, पार्टी सम्पर्कमै नभएपछि समस्या।' बुधबार मात्रै टोपबहादुरले संसद सचिवालयलाई पत्र लेख्दैं डड ठठयणउपचारका क्रममा रहेको बताउँदै बिरामी विदा दिन आग्रह गरेका छन्। कांग्रेसको पदाधिकारीको करिब ३ घन्टा बसेको वैठकमा पूर्वगृहमन्त्री तथा पार्टीका नेता बालकृष्ण खाणको बारेमा छलफल भएको थियो। वैठकपछि नेताहरुले पत्रकारलाई प्रतिक्रिया दिन चाहेनन्। खाणलाई निलम्बन गर्न। कुनै निर्णय नभएको अवस्थाले जोगाउने खेल हुन सक्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# संस्कृति र परम्पराको संरक्षणका लागि सङ्ग्रहालय निर्माण

**पोखरापत्र संवाददाता**
गोरखा, २७ बैशाख

शहीद लखन गाउँपालिकामा चेपाङ समुदायको संस्कृति र परम्पराको संरक्षणका लागि चेपाङ सङ्ग्रहालय निर्माण गरिएको छ। चेपाङ समुदायको बाहुल्यता रहेको वडा नं ४ स्थित डाँडागाउँमा लोप हुन लागको उक्त समुदायको वेशभूषा, तथा कला संस्कृतिको संरक्षणका लागि सङ्ग्रहालय निर्माण गरिएको वडाध्यक्ष यमबहादुर थापाले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा वडा कार्यालयले विनियोजन गरेको रु १४ लाख बजेटबाट सङ्ग्रहालय निर्माणको काम सम्पन्न भएको उहाँले बताउनुभयो। "स्थानीयले निःशुल्क उपलब्ध गराएको जग्गासहितको क्षेत्रमा सङ्ग्रहालय निर्माण गरिएको हो", वडाध्यक्ष थापाले भन्नुभयो, "उपभोक्ता समितिमार्फत निर्माण गरिएको सङ्ग्रहालय चेपाङ समुदायको संस्कृति झल्कने खालको घर निर्माण भएको छ।" सङ्ग्रहालयमा अल्पसङ्ख्यक चेपाङ जातिको भेषभुषा, परम्परागत रूपमा प्रयोग गर्ने सामग्री राखिने उहाँले बताउनुभयो। "पछिल्लो समय चेपाङ समुदायले परम्परागत रूपमा प्रयोग गर्ने सामाग्री लोप हुने अवस्थामा छन्", वडाध्यक्ष थापाले भन्नुभयो, "आगामी पुस्ताले ती सामग्री र संस्कृतिका बारेमा जान्न बुझ्नसमेत नपाउने अवस्था भइसकेकाले त्यसको संरक्षण स्थानीय स्तरबाट नै भए पनि गर्नुपर्छ भन्ने उद्देश्यले सङ्ग्रहालय निर्माण गरिएको हो।" गाउँपालिकाको डाँडागाउँ चेपाङ समुदायको मात्र बसोबास रहेको ठाउँ हो। "यहाँ चेपाङको मात्र बस्ती छ, अन्य जातिको बसोबास नै छैन", वडाध्यक्ष थापाले भन्नुभयो, "ढाडे गाउँ, डाँडागाउँ, तेस्रे गाउँमा सबै चेपाङ समुदायका मान्छे बस्दै आएका छन्।" निर्माण सम्पन्न गरिएको सङ्ग्रहालयको संरक्षणको जिम्मेवारी पनि चेपाङ समुदायलाई दिइएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो। सङ्गहालयमा चेपाङ समुदायले परम्परागत रूपमा प्रयोग गर्ने वेशभूषा, भाङ्ग्रा, जङ्गलमा गिट्ठा टिप्न जाँदा प्रयोग गर्ने सामग्री, चमेरो मार्न प्रयोग गर्ने सामग्री लगायतका सबै खालका परम्परागत सामग्री राखिने उहाँको भनाइ छ। सङ्ग्रहालयमा हरेक वर्षको एक दिन चेपाङ समुदायले मनाउने न्वागी पर्वका दिन कार्यक्रमको आयोजना गरिने र सो समुदायको क्षमता विकासका लागि छलफल तथा बैठक गरिने वडाध्यक्ष थापाको भनाइ छ।

चेपाङको परम्परागत वेशभूषामा महिलाका लागि गून्यु-चोलो, पुरुषका लागि दौरा-कछाड र त्यसमा जाली भरिएको स्टकोट हुन्छ। साथमा पछाडीपट्टि कम्मरमा काठको खुर्पीठ्याक भिरिएको हुन्छ। त्यस्तै, परम्परागत चेपाङ समुदायको गरगहनाका रूपमा मुगा, हारेमालालाई लिइन्छ। यस्ता गरगहना लगाउने परम्परा पनि बिस्तारै उक्त समुदायबाट लोप हुँदै गएको छ। आफ्नो परम्परा र संस्कृति लोप हुन नदिन स्थानीय सरकारको पहलमा सङ्ग्रहालय बनेपछि चेपाङ समुदाय पनि खुसी भएको स्थानीयवासी जगबहादुर चेपाङले बताउनुभयो।

# गाईपालनबाट मनग्ये आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, २७ बैशाख

स्वदेशमा रोजगारीको अभाव र लगानी गर्ने वातावरण नभएको दैनिक हजारौं युवा देश छाडिरहेको बेला यहाँका एक युवा व्यावसायिक गाईपालनबाट वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्न सफल हुनुभएको छ।

पर्वतको मोदी गाउँपालिका-२, देउपुरका ३८ वर्षीय युवा बेदप्रसाद तिमिल्सिनाले गाउँमै दूध उत्पादन गरेर लाखौं रुपैयाँ आम्दानी गर्न सफल हुनुभएको हो। तिमिल्सिनाले सञ्चालन गरेको प्रगति उन्नत गाई फर्मबाट कृषिमै युवाहरुका लागि राम्रो भविष्य छ भन्ने कुरा प्रमाणितसमेत गर्नुभएको छ। २०७१ सालमा पोखराको बागमाराबाट दुई गाई ल्याएर व्यावसायिक गाईपालन सुरु गर्नुभएका उहाँको फर्ममा यतिबेला २२ उन्नत गाई छन्। अहिले दैनिक बिहान-बेलुकी गरेर एक सय ८० लिटरभन्दा बढी दूध उत्पादन गर्दै आएको उहाँले बताउनुभयो।  विज्ञान विषयमा स्नातक गरेका उहाँले अन्य पेसा व्यवसायहरु गर्न छोडेर गाईपालन सुरु गर्नुको विगत भने निकै मर्मस्पर्शी छ। पोखरामा व्यापार-व्यवसाय गरेर दैनिक गुजारा चलाउँदै आएका किसान तिमिल्सिनाको परिवारमा बुबालाई घाँटीको क्यान्सर रोगले समातेपछि ठूलो रकम खर्चिनु परेपछि उहाँले पोखरामा रहेको कपडा पसल र घडेरीसमेत बिक्री गरेर गाउँ फर्किनुभएको हो। उपचारकै क्रममा बुबाको मृत्यु भएको थियो।

गाउँमै केही गर्छु भन्ने उद्देश्यका साथ उहाँले कुखुरा पालन, बोलेरो गाडी किनेर गाउँकै सडकमा गुडाउने लगायतका काम गरे पनि सफल हुन नसकेपछिउहाँगाउँकैबोर्डिङस्कुलमा शिक्षकसमेत बन्नुभयो। सोही क्रममा घरमा दुईवटा गाई पालेर दूधसमेत बेच्न थाल्नुभएका तिमिल्सिनाले दिउँसो बोर्डिङ स्कुलमा पढाउने र बिहान-बेलुका गाईको स्याहारसुसार गर्नथाल्नुभयो।उहाँआफैँदूधकाक्यान बोकेर पातिचौरमा रहेको डेरीसम्म पुग्न थाल्नुभयो। शिक्षकले दूध बोकेको,दानाओसारेकोदेख्दाउनका विद्यार्थी र सहकर्मी शिक्षकहरुसमेत अचम्म मान्थे। लथालिङ्ग भएको आर्थिक अवस्थालाई सम्हाल्न निकै कठिन सङ्घर्ष गर्नु परेको उहाँले बताउनुभयो। नेपाल सरकारको प्याक्ट कार्यक्रमअन्तर्गत रु १० लाख बराबरको अनुदान प्राप्त भएपछि व्यवसायमा थप हौसला मिलेको उहाँले बताउनुभयो। तिमिल्सिनाको फर्ममा अहिले ६ जनाले रोजगारीसमेत पाएका छन्। पढेलेखेको छोराले जागिर खाला वा अन्य केही व्यापार-व्यवसाय गर्ला भन्ने सोच राखेकी उहाँकी वृद्ध आमाको ओँठमा यतिबेला गाईपालनले नै खुसी ल्याइदिएको छ।

आफ्नी आमा, श्रीमती, छोरालगायतपरिवारकासदस्यहरुको सहयोगमा तिमिल्सिनाले आफ्नो फर्मलाई सफल व्यवसायमा परिणत गर्न सफल हुनुभएको छ। उहाँको फर्ममा अहिले १६ गाईले दैनिक एक सय ८० लिटरभन्दा बढी दूध दिन्छन् भने चारवटा ब्याउने छन् भने अन्य कोरली गाइरहेका छन्।

**विमालेख हरायो**

मिति २०७९ चैत्र २१ गते अर्चलबोटबाट महेन्द्रपुल जाँदै गर्दा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स क.लि.को निम्न विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नामः कमला भण्डारी
विमालेख नं. ४०१०००००३३७
सम्पर्क नं. ९८५६०००३०८

# आरोहणको ७२ वर्षपछि सेनाद्वारा अन्नपूर्ण हिमालबाट फोहर सङ्कलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ बैशाख

आरोहणको ७२ वर्षपछि म्याग्दीस्थित अन्नपूर्ण प्रथम हिमालबाट तीन हजार छ सय किलोग्राम फोहर सङ्कलन गरिएको छ। नेपाली सेनाको हिमाल सरसफाइ अभियानमार्फत अन्नपूर्ण हिमाल र आधार शिविरबाट फोहर सङ्कलन गरिएको हो।

आठ हजार ७१ मिटर अग्लो अन्नपूर्ण हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा पर्छ। विसं २०७९ चैत१७ गते गएको सेनाको हिमाल सरसफाइ टोली मङ्गलबार आधार शिविरबाट फर्किएको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो। सेनाका १० र पिक प्रमोशन ट्राभल एजेन्सीका १३ जनाले ४८ दिनसम्म हिमाल र आधार शिविर क्षेत्रमा फोहर सङ्कलन गरेका थिए।

सफाइ अभियानको नेतृत्व नेपाली सेनाका सेनानी गजेन्द्र देउवाले गर्नुभएको थियो। क्याप्टेन भीमबहादुर भुजेलसहितको टोलीले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको चुचुरोसम्मै पुगेर फोहर सङ्कलन गरेको हो। एक हजार दुई सय किलोग्राम कुहिने र दुई हजार चार सय नकुहिने फोहर सङ्कलन गरिएको टोलीले जनाएको छ। कुहिने फोहर आधार शिविरदेखि तीन घन्टाको पैदलयात्रा बेँसीतर्फ झरेपछि पुगिने भुसकेतमा नारच्याङको अन्नपूर्ण युवा क्लबका प्रतिनिधिको रोहबरमा खाडल खनेर व्यवस्थापन गरिएको छ। नकुहिने फोहर प्रभु एयरको हेलिकोप्टरबाट म्याग्दीको दानामा ल्याइएको छ। आधार शिविरबाट हेलिकोप्टरमा ल्याइएको फोहर ट्रकमा राखेर दानाबाट काठमाडौँस्थित नेपाली सेनाको मुख्यालयमा पठाइएको दानाका इन्द्रसिंह शेरचनले बताउनुभयो। प्लास्टिक, टिन, फलाम र सिसाजन्य दुई हजार चार सय किलोग्राम फोहर काठमाडौँ लगिएको हो।

आरोहणको ७२ वर्षपछि अन्नपूर्ण हिमाल र आधार शिविर क्षेत्रमा सरसफाइ भएको गाउँ संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङका अध्यक्ष तेज गुरुङले बताउनुभयो। "आरोहण र पदयात्राका लागि गएकाहरूले फालेका सामानले फोहर बढ्दै गएको थियो", उहाँले भन्नुभयो, "सेनाको टोलीले पहिलोपटक अन्नपूर्ण हिमाल सरसफाइ गरेको हो।" हिमाल सरसफाइका लागि पोखरा महानगरपालिकाले सेनालाई रु १५ लाख सहयोग गरेको छ। सेनाले अन्नपूर्ण, सगरमाथा, ल्होत्से र बरुन्चे हिमालमा 'सफा हिमाल अभियान २०२३' सञ्चालन गरेको छ। गण्डकी प्रदेशमा रहेको आठ हजार मिटर अग्लो धवलागिरि र मनास्लु हिमालमा यसअगाडि नै सरसफाइ गरिएको थियो। हिमालमा हुने फोहरले वातावरणको सन्तुलन पनि गुमाएको र गलत सन्देश गएकाले सेनाले सफाइ अभियान चलाएको हो। सन् २०१९ देखि हिमाल सरसफाइ अभियान सञ्चालन गरेको नेपाली सेनाले अघिल्लो वर्ष सगरमाथा, ल्होत्से, मनास्लु र कञ्चनजङ्घा हिमालबाट कुहिने सात हजार एक सय ५७ किलो फोहर सङ्कलन गरेको थियो।

# राष्ट्रिय आर्चरी च्याम्पियनसिप : अशिम र मञ्जु च्याम्पियन

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २७ बैशाख

पोखरामा सञ्चालन भएको राष्ट्रिय आर्चरी च्याम्पियनसिप-२०८० मा रिकर्व विधातर्फ पुरुष एकलतर्फ गण्डकी प्रदेशका अशिम शेरचनले उपाधि जित्नुभएको छ।

यसैगरी महिलातर्फ नेपाली सेनाका मञ्जु बजगाईंले स्वर्ण पदक जित्नुभयो। पोखरा रङ्गशालाको आर्चरी खेल मैदानमा 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'को नारासहित नेपाल आर्चरी सङ्घले यही वैशाख २५ गतेदेखि सञ्चालन गरेको ११ औं संस्करणको सो प्रतियोगिताको आज सबै विधाको फाइनल खेल सञ्चालन भएको थियो।

रिकर्व पुरुष एकलमा नेपाल प्रहरीका प्राञ्जल राईलाई पराजित गरी शेरचनले स्वर्ण जित्नुभएको हो। पाँच सेटको खेलमा अशिमले प्राञ्जललाई ७-३ अङ्कले पछि पार्दै च्याम्पियन बन्दा नेपाली सेनाका रोशन नगरकोटीले कास्य पदक पाउनुभयो।

महिला एकलमा नेपाल आर्मीका मित्र राईले रजत र ज्ञानु अवालेले कास्य पदक प्राप्त पार्न सफल हुनुभयो। यसैगरी 'मिक्स रिकर्व' विधातर्फ नेपाल आर्मीका डम्बर थापा र मञ्जु बजगाईंको जोडीले स्वर्ण जित्यो। गण्डकीका सुमन गुरुङ र रोजिना थापा मगरले रजत तथा नेपाल पुलिसका प्राञ्जल र देवीकला राईको जोडीले कास्य पदक जित्यो। 'रिकर्व टिम इभेन्ट'मा नेपाल आर्मीले स्वर्ण, नेपाल पुलिसले रजत र गण्डकी प्रदेशले कास्य पदक जितेको छ।

प्रतियोगिताअन्तर्गत भएको 'कम्पाउण्ड एकल' पुरुषतर्फ एपीएफका रमेश भट्टचनले स्वर्ण पदक जित्दा सुदूरपश्चिमका सुरेश गुरुङले रजत र एपीएफका मीनप्रसाद गौचनले कास्य पदक हासिल गर्नुभयो। महिलातर्फ नेपाल आर्मीका इङमाया राईले स्वर्ण, एपीएफका प्रसदा आचार्यले रजत र एपीएफका निर्मला काङवाङले कास्य पदक जित्नुभयो। यसैगरी 'स्टाण्डर्ड पुरुष एकल'मा गण्डकीका रिजन गौचन र महिलातर्फ अनुस्का शेरचनले स्वर्ण पदक जित्नुभएको छ। रिजनले सुदूरपश्चिमका रविन थापा र अनुस्काले नेपाल आर्मीका तुलसी थापामाथि जित हासिल गर्नुभएको हो।

यसैगरी स्टाण्डर्ड मिक्स डवल्समा गण्डकीका रिजन गौचन र अनुस्का शेरचनको जोडीले स्वर्ण पदक जितेको छ। नेपाल आर्मीका तुलसी थापा र विशाल कुँवरको जोडीले रजत र कोशी प्रदेशका कुशल राई र गङ्गा राईको जोडीले रजत पदक प्राप्त गरेको आयोजकले जनाएको छ।

पदक विजेता खेलाडीलाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष एवं पूर्वमन्त्री जीवनराम श्रेष्ठ, नेपाल आर्चरी सङ्घका केन्द्रीय अध्यक्ष दीपकबहादुर गुरुङ, नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेजबहादुर गुरुङ, प्रदेश खेलकुद परिषद्का सदस्य सचिव घनश्याम पौडेल, सङ्घका संस्थापक अध्यक्ष हरिध्वज तुलाचनलगायतले पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो।

प्रतियोगितामा तीन विभागीय र पाँच प्रदेशका २२ महिला र ४० पुरुष गरी ६२ खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा स्वर्ण नौ, रजत नौ र कास्य नौ गरी कूल २७ पदकका लागि प्रतिस्पर्धा भएको थियो।

पोखरा रङ्गशालाभित्रको आर्चरी खेल मैदानमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदै आएका छन्। यही मैदानमा विसं २०७६ मा १३ औं दक्षिण एशियाली खेलकुद आयोजना गरिएको थियो।

यसैगरी गत वर्ष सम्पन्न नवौं राष्ट्रिय खेलकुदमा आर्चरीको प्रतिस्पर्धा पोखरामा भएको थियो। सो प्रतियोगितामा गण्डकी प्रदेश सर्वाधिक पदक जितेर च्याम्पियन बनेको थियो। गण्डकीका म्याग्दी, मुस्ताङ र बाग्लुङ जिल्लामा यो खेल लोकप्रिय छ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १० ढल व्यवस्थापन तथा स्ल्यप निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** वडा नं. १० भित्रका ढल व्यवस्थापन तथा स्ल्यप निर्माण
**स्थानः** पोखरा-१० कास्की
**योजना सम्झौता मिति :** २०७९/१०/२५ गते
**योजना सम्पन्न मितिः** २०८०/०२/०१ गते
**योजनाको कुल लागत :** रु. १८,८८,८९७।-
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.१७,००,०००।-
**जन सहभागितावाट :** रु.१,८८,८९७.५१।-
**उपभोक्ता समिति अध्यक्षः** राजेन्द्र बहादुर कार्की
**सचिवः** सुक बहादुर गुरुङ, **कोषध्यक्षः** चन्द्र प्रसाद गुरुङ
**अनुगमानः** वडा सदस्य पूर्णचन्द्र न्यौपाने
कृष्ण बहादुर थापा, डिल बहादुर कार्की

**वडा नं. १० भित्रका ढल व्यवस्थापन तथा स्ल्यप निर्माण उपभोक्ता समिति पोखरा-१०**

# मगर भाषा पढाउँदै निसीखोला गाउँपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ बैशाख

आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको बागलुङको निसीखोला गाउँपालिकाले मगर भाषामा पाठ्यपुस्तक तयार गरेको छ। गाउँपालिकाले मगर भाषामा पाठ्यपुस्तक तयार गरी यही शैक्षिकसत्रबाट लागू गर्ने तयारी गरेको हो।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाअन्तर्गत रहेर निसीखोला गाउँपालिकाले कक्षा १ मा मगर भाषा समेटिएको पाठ्यपुस्तक पढाउने तयारी थालेको हो। जनजातिहरूको बाहुल्यता रहेको निसीखोला गाउँपालिकामा मगर (खाम) भाषा समेटिएको पाठ्यपुस्तक छपाइको तयारीमा रहेको जनाएको छ। आदिमकालदेखि बोलीचालीमा प्रयोग गर्दै आएको भाषा, संस्कृतिको जगेर्ना गर्नका लागि गाउँपालिकाले विद्यार्थीलाई मगर भाषा सिकाउन थालिएको गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्तीले जानकारी दिनुभयो। पुस्तान्तरणको अभाव तथा पश्चिमा भाषा संस्कृतिको प्रभावका कारण मगर भाषा लोप हुने खतरा देखिएकाले मगर भाषा संरक्षणका लागि पाठ्यपुस्तक निर्माण गरेर अध्यापन गराउने गरी अहिले पाठ्यपुस्तक छपाईको तयारीमा रहेको अध्यक्ष घर्तीले जानकारी दिनुभयो।

"पछिल्लो समय नयाँ पुस्ताले मगर भाषामा चासो दिन छाडेका छन्, गाउँपालिकाले स्थानीय पाठ्यक्रम तयार गर्न सक्ने कानुनअनुसार अहिले कक्षा १ मा जेठ महिनाबाट अध्यापन गरिने गरी मगर भाषाको पाठ्यपुस्तक तयार भएको छ", घर्तीले भन्नुभयो, "परीक्षणका लागि यो शैक्षिकसत्रमा कक्षा १ मा मात्रै लागू गर्नेछौं, मगर भाषाको लिपि नभए पनि बोलीचालीको भाषालाई संरक्षणमा सहयोग पुग्नेछ, नयाँ पिँढीले समेत मगर खाम भाषा बोल्न सक्नेछन्।"

परम्परागत खाम भाषा बोल्ने भाषिक समुदायको अभाव हुँदा यो भाषा लोप हुँदै गएका कारण भाषा संरक्षण थालिएको हो। यो भाषा बोल्ने पुराना व्यक्तिको मृत्यु हुनु र नयाँ पुस्तामा खाम भाषा स्थानान्तरण नहुँदा लोप हुँदै गएका कारण गाउँपालिकाले पाठ्यपुस्तक बनाएर संरक्षण थालेको हो। बच्चाले नै पहिलो भाषाका रूपमा नेपाली भाषामा बोलचाल गर्न थालेसँगै खाम पूरै लोप हुने अवस्था रहेकाले भाषा जोगाउन पाठ्यपुस्तक नै बनाएर अध्ययन गराउन थालिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले खाम अध्यापनका लागि शिक्षक नियुक्तिका लागि समेत आवश्यक समन्वय गरिसकेको छ। पछिल्लो पुस्तामा खाम भाषाप्रति चासो नदेखिएकाले समस्या भएको निसीखोला गाउँपालिका-६ भल्कोटका स्थानीय अम्मर बुढामगरले जानकारी दिनुभयो। उहाँले परम्पराकालदेखि चल्दै आएको भाषा संरक्षणमा गाउँपालिकाले चासो दिनु सकरात्मक भएको बताउनुभयो। बुढामगरले भन्नुभयो, "खामबाट बनेका गीत अहिले सुन्न पाइँदैन, लोप भइसके, सबैले आफ्ना छोरा-नातिलाई खाम सिकाउन आवश्यक छ, गाउँपालिकाले भाषा संरक्षणका लागि अझै जोड दिन आवश्यक छ, पुर्खाको भाषा जोगाउन आवश्यक छ, कतिपयले खाम बोल्ने बिर्सेको अवस्थासमेत छ।" गाउँपालिकाले मगर भाषा संरक्षणसँगै गाउँपालिकाको भल्कोटमा रहेको परम्परागत पुचली नाच संरक्षणमा समेत चासो दिएको हो।

# मनाङमा चार महिनामा आठ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
मनाङ, २७ बैशाख

हिमाली जिल्ला मनाङमा सन् २०२३ को मे ७ तारिखसम्ममा उल्लेख्य पर्यटक भित्रिएका छन्। सन् २०२३ को जनवरीदेखि मे ७ तारिखसम्म मनाङमा आठ हजार दुई सय २० पर्यटक भित्रिएका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप) मनाङका प्रमुख लेखनाथ गौतमका अनुसार मनाङमा सन् २०२३ को चार महिनामा पाँच हजार ५६ पुरुष र तीन हजार एक सय ६३ महिलाले अन्नपूर्ण पदमार्गको यात्रा गरेका छन्। सन् २०२३ को सुरुआतमा नै ४२ देशका पर्यटक मनाङ भित्रिएका थिए। सन् २०२३ को जनवरीमा ४२ देशका तीन सय १८ नागरिकले मनाङ भ्रमणका लागि प्रवेश पाएको तथ्याङ्क छ।

कोभिड-१९ को सङ्क्रमणपश्चात सहज बनेपछि अहिले विश्वभरबाट पर्यटक नेपाल आउने क्रम जारी छ। नेपाल भित्रिने क्रममा उनीहरू विशेषगरी मनाङको अन्नपूर्ण पदमार्ग यात्रामा अउने गरेका छन्। पदयात्राका लागि विदेशी पर्यटक विशेषगरी आउने गरेको एक्यापका प्रमुख गौतमले बताउनुभयो। जनवरीमा सबैभन्दा बढी दक्षिण कोरियाका ६९ नागरिक मनाङ भ्रमणका लागि आएको तथ्याङ्कमा उल्लेख छ। अहिले वर्षातको समय भएकाले पदमार्गको यात्रा गर्दा सम्भाव्य जोखिमका बारेमा जानकारी गराएर पठाउने गरिएको उहाँले बताउनुभयो। "पर्यटक एक्लै जाँदा बिरामी पर्ने, हराउने र जोखिम क्षेत्रमा खोजीकार्य गर्न समस्या भएपछि सरकारले पथप्रदर्शकबिना यात्रामा जान रोक लगाएको छ, अहिले पथप्रदर्शक लिएर मात्रै पर्यटक आउने गरेका छन्", गौतमले भन्नुभयो। पथप्रदर्शक भएपछि सूचना पाउन सहज भएको उहाँको भनाइ छ। यात्राका क्रममा पर्यटक बिरामी परेको खण्डमा पथप्रदर्शकको सहयोग हुने हुँदा सहज भएको पर्यटक बताउँछन्। पर्यटकको आवागमन बढेपछि मनाङका होटल तथा पर्यटन व्यवसायीमा खुसी छाएको छ। पर्यटक वृद्धि हुँदा उनीहरूको आयस्तरसमेत वृद्धि हुने छ। पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरताको अवलोकन गर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ तथा पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा पर्छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दीसित जोडिएको छ। काठमाडौँदेखि बेँसीसहरसम्म सडकमार्ग त्यसपछि पदमार्गमार्फत पर्यटकले मनाङका विभिन्न स्थानको अवलोकन गर्छन्।

# गाईपालनबाट मनग्गे आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, २७ बैशाख

स्वदेशमा रोजगारीको अभाव र लगानी गर्ने वातावरण नभएको दैनिक हजारौं युवा देश छाडिरहेको बेला यहाँका एक युवा व्यावसायिक गाईपालनबाट वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्न सफल हुनुभएको छ।

पर्वतको मोदी गाउँपालिका-२, देउपुरका ३८ वर्षीय युवा बेदप्रसाद तिमिल्सिनाले गाउँमै दूध उत्पादन गरेर लाखौं रुपैयाँ आम्दानी गर्न सफल हुनुभएको हो। तिमिल्सिनाले सञ्चालन गरेको प्रगति उन्नत गाई फर्मबाट कृषिमै युवाहरूका लागि राम्रो भविष्य छ भन्ने कुरा प्रमाणितसमेत गर्नुभएको छ। २०७१ सालमा पोखराको बागमाराबाट दुई गाई ल्याएर व्यावसायिक गाईपालन सुरु गर्नुभएका उहाँको फर्ममा यतिबेला २२ उन्नत गाई छन्। अहिले दैनिक बिहान-बेलुकी गरेर एक सय ८० लिटरभन्दा बढी दूध उत्पादन गर्दै आएको उहाँले बताउनुभयो। विज्ञान विषयमा स्नातक गरेका उहाँले अन्य पेसा व्यवसायहरू गर्न छोडेर गाईपालन सुरु गर्नुको विगत भने निकै मर्मस्पर्शी छ। पोखरामा व्यापार-व्यवसाय गरेर दैनिक गुजारा चलाउँदै आएका किसान तिमिल्सिनाको परिवारमा बुबालाई घाँटीको क्यान्सर रोगले समातेपछि ठूलो रकम खर्चिनु परेपछि उहाँले पोखरामा रहेको कपडा पसल र घडेरीसमेत बिक्री गरेर गाउँ फर्किनुभएको हो। उपचारकै क्रममा बुबाको मृत्यु भएको थियो। गाउँमै केही गर्छु भन्ने उद्देश्यका साथ उहाँले कुखुरा पालन, बोलेरो गाडी किनेर गाउँकै सडकमा गुडाउने लगायतका काम गरे पनि सफल हुन नसकेपछि उहाँ गाउँकै बोर्डिङ स्कुलमा शिक्षकसमेत बन्नुभयो। सोही क्रममा घरमा दुईवटा गाई पालेर दूधसमेत बेच्न थाल्नुभएका तिमिल्सिनाले दिउँसो बोर्डिङ स्कुलमा पढाउने र बिहान-बेलुका गाईको स्याहारसुसार गर्न थाल्नुभयो। उहाँ आफैं दूधका क्यान बोकेर पातिचौरमा रहेको डेरीसम्म पुग्न थाल्नुभयो। शिक्षकले दूध बोकेको, दाना ओसारेको देख्दा उनका विद्यार्थी र सहकर्मी शिक्षकहरूसमेत अचम्म मान्थे।

लथालिङ्ग भएको आर्थिक अवस्थालाई सम्हाल्न निकै कठिन सङ्घर्ष गर्नु परेको उहाँले बताउनुभयो। नेपाल सरकारको प्याक्ट कार्यक्रमअन्तर्गत रु १० लाख बराबरको अनुदान प्राप्त भएपछि व्यवसायमा थप हौसला मिलेको उहाँले बताउनुभयो।

तिमिल्सिनाको फर्ममा अहिले ६ जनाले रोजगारीसमेत पाएका छन्। पढेलेखेको छोराले जागिर खाला वा अन्य केही व्यापार-व्यवसाय गर्ला भन्ने सोच राखेकी उहाँकी वृद्ध आमाको आँखामा यतिबेला गाईपालनले नै खुसी ल्याइदिएको छ। आफ्नी आमा, श्रीमती, छोरालगायत परिवारका सदस्यहरूको सहयोगमा तिमिल्सिनाले आफ्नो फर्मलाई सफल व्यवसायमा परिणत गर्न सफल हुनुभएको छ। उहाँको फर्ममा अहिले १६ गाईले दैनिक एक सय ८० लिटरभन्दा बढी दूध दिन्छन् भने चारवटा ब्याउने छन् भने अन्य कोरली गाइहेका छन्। दूध बिक्रीबाटै खर्च कटाएर मासिक रु दुई लाख बचत गर्ने गरेको तिमिल्सिनाले बताउनुभयो। "अहिले दैनिक एक सय ८० लिटर दूध बेचिरहेको छु", तिमिल्सिनाले भन्नुभयो, "मासिक रूपमा खर्च कटाएर रु दुई लाखभन्दा बढीसम्म आम्दानी हुने गरेको छ।" यहाँ दूध डेरीमा प्रतिलिटर रु ८० मा बिक्री हुन्छ भने खुद्रा मूल्य प्रतिलिटर रु एक सयमा बिक्री हुने गर्दछ। तिमिल्सिनाले दूधसँगै घीउ, दही, कुराउनी मात्र नभएर मलसमेत बिक्री गर्दै आउनुभएको छ। उहाँको फर्मबाट अर्ग्यानिक खेतीका लागि गाईको गोबर बिक्री हुने गरेको छ। हिउँदको समयमा उहाँले वार्षिक फन्डै २० देखि २५ ट्र्याक्टर मल बिक्री गर्ने गरेको बताउनुभयो।

व्यावसायिक रूपमा अकबरे खुर्सानी तथा अन्य तरकारी उत्पादन गरी बिक्री गर्दै आएका भवरकोट एग्रो फर्मका सञ्चालक राजेन्द्रबहादुर खड्काले भन्नुभयो, "गाई फर्मबाट अर्ग्यानिक तरकारी खेतीका लागि आवश्यक पर्ने मल उपलब्ध भएको छ। मलकै लागि टाढा टाढा धाउनु परेको छैन।" तिमिल्सिनाको फर्मबाट अन्य स्थानीय किसानहरूले पनि तरकारी तथा अन्न बालीका लागि मल लैजाने गरेका छन्। अहिले गाईहरूलाई लाग्ने सामान्य रोगहरूको उपचारसमेत तिमिल्सिनाले आफैं गर्ने गरेको बताउनुभयो।

केही जटिल समस्या भएको अवस्थामा तत्काल प्राविधिकहरूले सेवा दिन थालेका छन्। उहाँले गाईलाई खुवाउनका लागि आफ्नो १६ रोपनी जमिनमा घाँस लगाउनुभएको छ। घाँसको बिक्रीबाट पनि उहाँ वार्षिक रु एक लाखभन्दा बढी आम्दानी हुने गरेको उहाँले बताउनुभयो। उहाँले आफ्नो फर्ममा प्रविधिको पनि प्रयोग गर्न थाल्नुभएको छ। उहाँ आवश्यकताअनुसार च्याप कटर, मिल्किङ मेसिन, घाँस काट्ने यन्त्र जस्ता आधुनिक औजारहरू प्रयोग गर्दै आउनुभएको छ। प्रविधिको प्रयोगले काममा निकै सहजता भएको उहाँको अनुभव छ। "पहिले दूध पिठ्यूँमा बोकेर बजार झर्नु पर्दथ्यो अहिले फर्ममै गाडी आएर लैजान्छ। एक दुई दिनको दूध भण्डारण गरेर राख्न सक्ने क्षमता पनि छ। पहिलेजस्तो दूध फाट्ने समस्या पनि हटेर गएको छ", उहाँले भन्नुभयो। पछिल्लो समय यस क्षेत्रमा लाग्न चाहने किसानहरूका लागि प्रेरणाको स्रोत बनेका तिमिल्सिनाले क्षेत्रीय, जिल्ला तथा स्थानीय स्तरका दर्जनभन्दा बढी पुरस्कार तथा सम्मान प्राप्त गरिसक्नुभएको छ। "घरपरिवार छोडेर अन्यत्र पसिना बगाउन जानुभन्दा आफ्नै माटोमा परिवारका साथमा बसेर आफ्नै पौरखमा रमाउन पाउँदा आनन्द मिल्दो रहेछ", उहाँले भन्नुभयो।

# अभिभावकविहीनको शैक्षिक निरन्तरताका लागि कक्षा वृद्धि

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ बैशाख

तनहुँको व्यास नगरपालिकाले आन्तरिक आयबाट सञ्चालन गरिरहेको व्यास नगर समता विद्यालयको कक्षा वृद्धि गर्ने भएको छ। अभिभावकविहीन बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको विद्यालयमा अध्ययनरत बालबालिकाको कक्षा वृद्धि गर्दै लैजाने भएको हो।

बालबालिकाको कक्षा ग्रेड वृद्धि हुने क्रममा अन्यत्र गएर पठनपाठन गर्ने अवस्था नहुँदा बञ्चित हुनुपर्ने अवस्थालाई मध्यनजर गरी कक्षा बढाउँदै लैजाने निर्णय गरिएको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। "सुरुआतमा नै कक्षा ५ सम्म सञ्चालन गरेका थियौं, त्यसपछि अभिभावकविहीन बालबालिका थप अध्ययनका लागि कहाँ जाने भन्ने भएपछि कक्षा वृद्धि गर्ने योजना भएको हो, यसरी शिक्षाको ज्योतिबाट नै बञ्चित गराउनु हुँदैन भनेर कक्षा बढाउँदै अगाडि बढ्ने र कक्षा १० सम्म यही विद्यालयमा पठनपाठन गर्ने वातावरण बनाउनेछौं", न्यौपानेले भन्नुभयो, "एसईईसम्म अध्ययन गर्ने ठाउँ बनाइदिएपछि १० जोड दुई पार्टटाइम काम गरी पठनपाठन गर्ने वातावरण बनाउन सकिन्छ भनेर योजना बनाएका हौं।" विपन्न, असहाय बालबालिकालाई पनि विद्यालयमा भर्ना लिन अनुरोध आइरहेको छ, तर हामीले नगरपालिकाको खर्चबाट सकस भएकाले अभिभावकविहीन बालबालिकालाई मात्रै राख्ने वातावरण बनाएका उहाँले बताउनुभयो। यस विद्यालयमा अभिभावकविहीन बालबालिकालाई आवासीयरूपमै खाने, बस्नेसहित अध्ययनको व्यवस्थापन गरिएको छ।

विद्यालयको व्यवस्थापन, बालबालिकाको खाना, आवास, लत्ताकपडा, विद्यालयमा कर्मचारी व्यवस्थापन गर्दा एक वर्षमा पूर्वाधार व्यवस्थापनबाहेक करिब रु ६० लाख खर्च हुने गरेको नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो। "यसको व्यवस्थापन नगरपालिकाले आफ्नै आन्तरिक आयबाट मात्रै व्यवस्थापन गर्दै आएको छ, सकस त भएको छ, यहाँभन्दा कहाँ जाने र माग ?, अभिभावकविहीन बालबालिका शिक्षाको ज्योतिबाट बञ्चित हुनुभएन भन्ने मेरो धारणा हो", उहाँले भन्नुभयो। खर्च अधिक भएकाले अन्य बालबालिकालाई अध्ययनका लागि राख्न नसकिएको उहाँले स्पष्ट पार्नुभयो। चौवालिस बालबालिकालाई राखेर विसं २०७९ भदौ ५ गतेदेखि नगरपालिकाले व्यास-७ सिषमटार स्थित व्यास नगर समता विद्यालय स्थापना र सञ्चालन गरेको हो। यस विद्यालयमा अध्ययनका लागि विपन्न बालबालिका भर्ना हुन आए पनि राख्न सक्ने अवस्था भने नरहेको बताइएको छ। समता विद्यालयमा कुल शिक्षक र कर्मचारी गरी नौ जना रहेका छन्।

चार शिक्षकमध्ये दुई स्थायी र दुई करारका रहेका विद्यालय व्यवस्थापन समिति सदस्य विजय अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार दुई जना करारमा राखिएको छ। त्यस्तै कार्यालय सहयोगी तीन जनामध्ये एक स्थायी र दुई करार तथा एक जना वार्डेन करारमा राखिएको छ।

त्यस्तै नगरपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि अनुगमनको कमी भएको नगरप्रमुख न्यौपानेले बताउनुभयो। अनुगमनमा समस्या र कमजोरी भएकाले सुधारका लागि पूर्वशिक्षक नारायणदत्त पौडेलको संयोजकत्वमा शैक्षिक गुणस्तर सुधार अनुगमन समिति गठन गरिएको छ। उक्त समितिले नगरपालिकाभित्रको शैक्षिक गुणस्तर वृद्धिका लागि अध्ययन गरी समाधान र विकास गर्ने उहाँले बताउनुभयो।

# बाली विज्ञान पढ्ने विद्यार्थीलाई गाउँपालिकाको अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, २७ बैशाख

सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रविधियुक्त र युग अनुकूलको शिक्षाका रूपमा विकास गर्ने अभियान सञ्चालन गरेको जलजला गाउँपालिकाले प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि अनुदान दिने भएको छ।

गाउँपालिकामै सञ्चालित बाली विज्ञान पढ्ने विद्यार्थीका लागि वार्षिक रु ३६ हजार सहयोग गर्ने निर्णय गरेको हो। गाउँपालिकाको मङ्गलबारको बैठकले जलजला गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी आधार भूत तह कक्षा ८ उत्तीर्ण गरी कक्षा ९ मा ग्रामप्रकाश मावि जलजला-५ लेकफाँटमा प्राविधिक धारतर्फ (बाली विज्ञान) विषयमा अध्ययन गर्ने विद्यार्थीलाई मात्रै उक्त सुविधा दिने भएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो।

प्राविधिक शिक्षातर्फ विद्यार्थीलाई आकर्षित गर्न गाउँपालिकाले यो अवधारणा ल्याएको अध्यक्ष आचार्यले बताउनुभयो। "यो सहयोग आवासीयरूपमा अध्ययन गर्न चाहने विद्यार्थीले सम्बन्धित विद्यालयको सिफारिसमा प्रतिविद्यार्थीलाई वार्षिक रु ३६ हजार प्रदान गर्ने निर्णय गरिएको छ", अध्यक्ष आचार्यले भन्नुभयो। नेपाल कृषिप्रधान देश भएता पनि कृषि क्षेत्रको विकास हुन नसकेको अवस्थामा यस विद्यालयमा सुरु भएको कृषि प्राविधिक विषयको अध्ययनले दक्ष र योग्य प्राविधिक उत्पादन गरी कृषि क्षेत्रको विकासमा टेवा पुऱ्याउने विश्वास लिएको गाउँपालिकाको भनाइ छ।

सरकारको एक पालिकाका एक प्राविधिक विद्यालयअन्तर्गत कक्षा ९ देखि १२ सम्म जलजला-५ लेकफाँटको ग्रामप्रकाश माविमा उक्त विषयमा पठनपाठन हुने भएको हो। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट कृषि प्राविधिक विषय अध्ययनका लागि हालैमात्र स्वीकृत प्राप्त भएको र यही शैक्षिकसत्रदेखि पठनपाठन सुरु हुन लागेको विद्यालयका प्रधानाध्यापक भवानीशङ्कर पौडेलले जानकारी दिनुभयो।

अहिले विद्यालयमा कक्षा ८ उत्तीर्ण गरी ९ मा गएका ३९ विद्यार्थी कृषि विषय लिएर पढ्न चाहेको र अन्यत्रबाट पनि कृषि प्राविधिक पढ्न इच्छुक विद्यार्थी आउने सम्भावना रहेको उहाँले बताउनुभयो। कृषि प्राविधिक अध्ययनका लागि पालिकाका अन्य विद्यालयका विद्यार्थीलाई पनि सोही विद्यालयमा अध्ययन गर्न प्रेरित गरी भविष्यमा सीपयुक्त दक्ष र योग्य जनशक्ति उत्पादनमा जोड दिएको उहाँले बताउनुभयो। विसं २०१५ मा स्थापना भएको उक्त विद्यालयमा अहिले दुई सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

# स्टेप बाई स्टेप मा.वि.मा सर्कलहरुको पुनर्गठन

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २७ बैशाख

स्टेप बाई स्टेप मा. वि.ले विद्यालयमा क्रियाशील युवा रेडक्रस सर्कल, क्वालिटी सर्कल र ग्रो सर्कलको पुनर्गठन गरेको छ।

अनुच्छेद परिवर्तन गर्न पुनर्गठित युवा रेडक्रस सर्कलको अध्यक्षमा रासिका श्रेष्ठ रहेकी छन्। उपाध्यक्ष, सचिव, सहसचिव कोषध्यक्षमा क्रमश विपिन रावत, आयुष पौडेल, भेनिसा शर्मा र प्रशान्त तिमिल्सिना रहेका छन् भने सदस्यहरुमा एलिना रसाइली, आर्यन थापा, लोचना बराल, उत्सव शर्मा र राजन क्षेत्री चयन भएका छन्। शिक्षक नायकको, जिम्मेवारी लक्ष्मण भण्डारीलाई दिइएको छ। असिमा तिमिल्सिनको अध्यक्षतामा पुनर्गठित क्वालिटी सर्कलको उपाध्यक्षमा विल्सन न्यौपाने, सचिवमा ममता गिरी, सहसचिवमा डेनिसा तिमिल्सिना र कोषाध्यक्षमा वर्षा सापकोटा चयन भएका छन्। सदस्यमा कृपा भण्डारी, सुविधा लामिछाने, अदिती पराजुली, प्रियास आचार्य, आयुषा लामिछाने, असिम गैरे र रोजित सापकोटा सर्वसम्मत रुपमा चयन भएका छन्।

शिक्षक संयोजकमा विवेक गौतम रहेका छन्। त्यसैगरी ग्रो सर्कलको अध्यक्षमा कोसिस क्षेत्री सर्वसम्मत छनोट गरिएको छ भने उपाध्यक्ष, सचिव, सहसचिव र कोषध्यक्षमा क्रमशः साहिल लामिछाने, सदिस्मा पौडेल, सुमित तिमिल्सिना र रोशन पाठक चयन भएका छन्। सदस्यमा अंकिता खड्का, आशिष अधिकारी, वसन्ती बराल, विविषा के.सी., उज्जवल भट्टराई, विजय बराल र पुकार खड्का चयन भएका छन्। शिक्षक नायकको जिम्मेवारी रुपेश पौडेललाई दिइएको छ।

कार्यक्रममा वोल्दै विद्यालयका संस्थापक प्रिन्सिपल निर्मला बरालले, सर्कलको नेतृत्वमा रहेर कार्य गरी नेतृत्व विकास गर्न, सामाजिक सेवाको भावना विकास गर्न र अत्मबल अभिवृद्धि गर्न सकिने कुरा बताउँदै विद्यार्थीहरुलाई इमान्दार भई जोसजाँगरले कार्य गर्न सुभाव दिइन्। विद्यालयका संस्थापक निर्देशक रमाकान्त बरालले विद्यार्थीको चौतर्फी उन्नतिका लागि यस्ता सर्कलको निर्माण गरिएको र विद्यार्थीहरुले आफ्नो काम र कर्तव्य पूरा गर्नुपर्ने बताए। कार्यक्रममा विद्यालयका भाइस प्रिन्सिपल दीपक गिरी र विद्यालय संयोजक सूर्यप्रसाद लम्सालले पनि सफल कार्यकालको शुभकामना दिएका थिए। कार्यक्रममा सकलहरुले गतवर्ष गरेका गतिविधि र आउने वर्षको योजनाहरु प्रस्तुत गरिएको थियो।